**सम्मानित सभाका सदस्यहरु :**

स्थानीय तहको निर्वाचन भएपछिको दोश्रो वर्षमा रत्ननगर नगरपालिकाको आ.व. ०७५/०७६ को नीति तथा कार्यक्रम यस सम्मानित नगर सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । यस अवसरमा लोकतन्त्र प्राप्तिका लागि सम्पन्न विभिन्न आन्दोलनमा प्राण उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण सुमन प्रकट गर्न चाहन्छु । साथै विभिन्न आन्दोलनमा घाइते तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपाली जनताको अथक प्रयास, सदियौं देखिको नेपाली जनताको चाहना, विभिन्न कालखण्ड र समयमा सम्पन्न आन्दोलनको उपलब्धीका रुपमा प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै "समृद्ध नेपाल खुसी नेपाली"को राष्ट्रिय अभियान लक्षित नीति तथा कार्यक्रम सम्मानित नगरसभामा प्रस्तुत गर्न पाउदा अशिम गर्भको अनुभूति गरेको छु ।

संविधानले स्थानीय तहलाई प्राप्त अधिकार र कार्य सूचीलाई मध्यनजर गर्दै स्थानीय तहसँग नागरिक स्तरबाट गरिएका अपेक्षालाई सम्बोधन गरी रत्ननगर नगरपालिकालाई समृद्ध नगरपालिकाका रुपमा स्थापित गर्न यो नगरसभा महत्वपूर्ण हुने विश्वास दिलाउँदै सुशासन, पारदर्शिता, जवाफदेही तथा उत्तरदायी स्थानीय सरकारको निर्माणका लागि नगरसभाका निर्णयहरु मार्गदर्शनका रुपमा रहने विश्वास लिएको छु ।

**सम्मानित सभाका सदस्यहरु :**

अब म आगामी आ.व. २०७५/०७६ मा नगर कार्यपालिकाका तर्फबाट लिइने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१) संविधानले प्रत्याभूत गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई समुन्नत, समृद्ध बनाई सरकारका विभिन्न तह बिचको सम्बन्धलाई विश्वासिलो बनाउने बहु तह/सरकारका साझेदारीका कार्यक्रमहरु संचालन गरिनेछ । नगरपालिकाको विकासका लागि संघीय सरकार तथा प्रदेश संग रहेको विज्ञता, विशेषज्ञता, प्रविधि र स्रोत साधन परिचालनका लागि आवश्यक व्यवस्था मिलाइने छ । संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय/आर्थिक अनुदान तथा राजश्व बाँडफाँडका अतिरिक्त आयआर्जन हुने तथा राजश्व अभिवृद्धि हुने उपयुक्त परियोजना संचालन गर्ने व्यवस्था मिलाइने छ ।

२) नगरपालिकाको शासकीय तथा प्रशासनिक क्रियाकलाप सम्पादन गर्दा सुशासनका पक्षलाई आत्मसात गरिने छ । साथै विकास निर्माण योजना छनौट तथा कार्यान्वयनमा नागरिक सहभागिता, जनअपेक्षाको संवोधन तथा जनसरोकारका सवालहरुलाई संवोधन गर्ने व्यवस्था मिलाइने छ ।

३) नगरको समग्र विकासका लागि नगर विकास गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिने छ । नगर विकास गुरुयोजनामा आधारित भई नगरको दिर्घकालीन विकासका लागि उपलब्ध स्रोत र साधनको परिचालन गर्ने व्यवस्था मिलाइने छ ।

४) राज्यको विकासमा हाम्रो मात्र एकल प्रयास पर्याप्त र पूर्ण हुन सक्दैन । समुन्नत र समृद्ध नेपालको निर्माण तथा "समृद्ध नेपाल सुखी नेपाली"को अभियानलाई सफल बनाउनका लागि राज्यका सबै तह

तथा पात्रहरुको क्रियाशिलता आवश्यक छ । तसर्थ नगरको विकासका लागि निजी क्षेत्र, गै.स.स., नागरिक समाजसँग साझेदारीको  विकास गरिने छ । साझेदारीका क्षेत्र पहिचान तथा परिचालनको व्यवस्थापन गर्न नगरकार्यपालिकाका सदस्यको संयोजकत्वमा समन्वय समिति गठन गरी कार्यान्वयनको व्यवस्था मिलाइने छ ।

५) टुक्रे र खुद्रे विकास प्रयासले मात्र हाम्रो समृद्धि सम्भव छैन । हाम्रो लगानीलाई नतिजामा आवद्ध गरी विकासका ठूला पूर्वाधारमा लगानीलाई केन्द्रीकृत गर्न आवश्यक छ । तसर्थ हाम्रो विकास प्रयासलाई सार्थक बनाउन गत नगरसभामा पारित गरिएका रत्ननगर समृद्धिका योजना कार्यान्वयन गरिनेछ । यसका लागि सरकारी, गै.स.स., विकास साझेदारबाट प्राप्त सहयोग समेत परिचालन गरिनेछ । जस अन्तर्गत पूर्वाधार विकास, पर्यटन, क्षेत्र विकास, कृषि, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण जस्ता क्षेत्रमा लगानीलाई केन्द्रीत गरिने छ ।

६) जनप्रतिनिधी स्थानीय तहमा निर्वाचित भएको १ वर्ष पुरा भएको छ । तर स्थानीय तह संचालनका लागि अति आवश्यक पर्ने नीति, कानून, पूर्वाधार, कर्मचारी व्यवस्थापन जस्ता पक्षको कमीले जनअपेक्षा बमोजिम सेवा प्रवाह गर्न सकिएको छैन । यस अन्तर्गत क्षेत्रगत नीति तय गरिनेछ र कानून निर्माण गरिने छ । सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार निर्माण तथा कर्मचारी व्यवस्थापनलाई प्राथमिकतामा राखिने छ । वडा कार्यालय भवन निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७) शहरीकरणको प्रमुख समस्याको रुपमा रहेको पार्किङ्ग व्यवस्थापनलाई व्यवस्थित बनाइने छ । सार्वजनिक सवारी साधन तथा निजी सवारी साधनलाई सार्वजनिक बाटो तथा राजमार्गमा पार्किङ्ग गरिदै आएकोमा त्यस्तो अवस्थाको अन्त गरिने छ । नगरपालिकाले निर्माण गरेको वा तोकेको स्थानमा मात्र पार्किङ्ग गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिने छ । यसका लागि निजी क्षेत्रसँग साझेदारी गर्ने नीति समेत अवलम्बन गरिने छ । पार्किङ्ग व्यवस्थापनमा बढ्दै गएको चुनौतीलाई संवोधन गर्न पार्किङ्ग स्थल निर्माण गर्दा बन्ने संरचना निर्माणमा लाग्ने नक्सापास दस्तुर मिनाहा गरिने छ र पार्किङ्गका लागि प्रयोग गरिएको जग्गामा लाग्ने एकिकृत सम्पत्ति कर/मालपोत मिनाहा गरिने छ । साथै निजी घर निर्माण गर्दा सार्वजनिक पार्किङ्ग समेत गर्ने गरी निर्माण गरेमा पार्किङ्गका लागि छुट्याइएको क्षेत्रमा नक्सापास दस्तुर छुट गरिने छ ।

८) सार्वजनिक जग्गा संरक्षण कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिने छ । सार्वजनिक जग्गा अतिक्रमणका विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ । सार्वजनिक जग्गा संरक्षणका लागि नगर कार्यपालिका बैंठकबाट निर्णय गरिए बमोजिम जनप्रतिनिधीहरुलाई सार्वजनिक जग्गा अतिक्रमण नगर्ने स्वघोषणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै नगरमा क्रियाशील राजनैतिक, सामाजिक, उद्योगी, व्यापारी तथा प्रवुद्ध व्यक्तिलाई सार्वजनिक जग्गा संरक्षणमा परिचालन गर्ने व्यवस्था मिलाइने छ । सार्वजनिक जग्गा संरक्षण अभियानलाई वडा, टोल र वस्ति स्तरमा विस्तार गरी सार्वजनिक जग्गा संरक्षण प्रति समुदायको परिचालन र अपनत्वको विकास गरिनेछ ।

९) उत्पादनमुलक, नतिजामुखी र आयमुलक क्षेत्रका पूर्वाधार विकासमा बहुपक्षीय साझेदारी गरिने छ ।

१०) “हाम्रो नगर समृद्ध रत्ननगर“लाई साकार बनाउन रत्ननगर समृद्धिका योजना संचालन गरिनेछ । जस अन्तर्गत पूर्वाधार कृषि क्षेत्र, पर्यटन क्षेत्र विकास तथा शिक्षा र स्वास्थ्य लगायतका क्षेत्रका नगरस्तरिय योजना बनाई कार्यान्वयनको व्यवस्था मिलाइने छ ।

११) “अबको शहर उद्यमशिल नगर“लाई व्यवहारमा लागु गरिनेछ । यसका लागी नगरको आन्तरिक आम्दानीलाई बढवा दिने आयोजना संचालन गरिने छ । यस अन्तर्गत नगर क्षेत्र भित्र आधुनिक view Tower, Water Kingdom, गल्फकोर्ट निर्माण, तरकारी बजार व्यवस्थापन जस्ता परियोजना संचालनका लागि स्रोतको व्यवस्था मिलाइनेछ ।

१२) पुर्वाधार क्षेत्र विकास पर्यटन विकास र प्रर्वद्धनलाई आवद्ध गरिनेछ । पर्यटकिय पुर्वाधारका रूपमा सौराहा क्षेत्रमा आधुनिक पर्यटन वसपार्क, पर्यटन सुचना केन्द्रको निर्माण गरिनेछ । यसका लागि नगरपालिकाको आन्तरिक श्रोतका अलवा प्रदेश सरकारबाट प्राप्त अनुदान र सहयोगको परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३) लक्षित वर्गका लागि विनियोजित रकमलाई सोही वर्गसम्म पुऱ्याई उद्यमशिलता प्रर्वद्धन गर्ने व्यवस्था मिलाईनेछ । यसका लागी “नगर प्रमुखसँग उद्यमशिलता विकास“ कार्यक्रम संचालन गरिनेछ । यस अन्तर्गत आर्थिक, सामाजिक सांस्कृतिक रूपले पछाडी परेका वर्ग र समुदायको शिप तथा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ । साथै उद्यमशिलता प्रर्वद्धनका लागि तोकिएका समुदाय र व्यक्तिलाई सस्तो, सरल र सहुलियत पुर्व ऋण उपलब्ध गराईने “नगर प्रमुख उद्यमशिलता प्रर्वद्धन कोष“को स्थापना गरिनेछ ।

१४) नगरपालिकाको आन्तरिक श्रोत व्यवस्थापन तथा राजश्व परिचालनका लागि राजश्व प्रशासनमा सुधार गरिनेछ । करको दायरालाई विस्तार गरिनेछ र करका दरहरूलाई समयानुकुल सुधार गरिनेछ । कर चुहावटका क्षेत्रको पहिचान गरी कररराजश्व संकलनलाई अभियानका रूपमा अगाडी बढाईनेछ । यसका लागि जनप्रतिनिधी, निजि क्षेत्रका व्यवसायी, कर्मचारी लगायत नागरिक समाजसँग साझेदारी गर्ने व्यवस्था मिलाइने छ । राजश्व प्रशासनमा आधुनिक प्रविधिको प्रयोग गरिने छ । कर सूचना पणाली मार्फत राजश्व सम्बन्धी तथ्याङ्क अद्यावधी गरिनेछ र “कर सचेतना कार्यक्रम“ संचालन गरिने छ ।

१५) नगरपालिकामा सम्भावनाको क्षेत्रका रूपमा रहेको कृषि क्षेत्रको विकासमा विशेष ध्यान दिईने छ । नगरपालिका क्षेत्रभित्र एक अत्याधुनिक शीत भण्डार निर्माण गरिनेछ ।साथै नगदेवाली तर्फ कृषकलाई उत्प्रेरित गरी उत्पादन अभिवृद्धि र बजारीकरणका लागी विशेष पहल गरिनेछ । कृषि विकासका लागी जमिनको खण्डीकरण र बाँझोपना नियन्त्रण गर्न विशेष अभियान संचालन गरिनेछ । साथै कृषि उत्पादन अभिवृद्धिका लागी सिचाई प्रणाली विकास, कृषिको यन्त्रीकरण, कृषि हाट बजारको संचालन, उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम तथा विषादी प्रयोगमा न्यूनीकरण गर्ने व्यवस्था मिलाइनेछ । साथै “कृषि सूचना प्रणाली केन्द्र“ को स्थापना गरिनेछ र “कृषि विमा राहत कोष“ मार्फत किषानरकृषक वर्गको जोखिम न्यूनिकरणको व्यवस्था मिलाइनेछ र सामुहिकता प्रर्वद्धन तथा बजारीकरणका लागि कृषि सहकारी कार्यक्रम संचालन गरिनेछ ।

१६) सहकारी क्षेत्रलाई नगर अर्थ व्यवस्थाको महत्वपूर्ण पक्षका रूपमा विकास गरिनेछ । नगर सहकारी ऐन मार्फत सहकारी क्षेत्रको व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ । सहकारी क्षेत्र मार्फत हुने श्रोत परिचालनलाई पारदर्शी र विश्वासयोग्य बनाइनेछ । साथै सहकारी क्षेत्र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुका साथै "सहकारी शिक्षाको कार्यक्रम"लाई सहकारी क्षेत्रको साझेदारीमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१७) कृषि क्षेत्रमा बढ्दै गएको विषादी प्रयोगलाई निरूत्साहित गरिनेछ । यसका लागी विषादी परिक्षण प्रयोगशाखा निर्माण गरिनेछ र organic खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

१८) नगरबाट प्रवाह हुने सेवालाई आधुनिक प्रविधिसँग आवद्ध गरिनेछ । पञ्जिकरण लगायत घटानादर्ता कार्यलाई online प्रणालीमा आवद्ध गर्ने व्यवस्था मिलाईनेछ । नगरपालिकाका सबै सूचना र तथ्याङ्कलाई online तथा आधुनिक प्रविधिको प्रयोग मार्फत सरोकारवाला समुदायसम्म पुऱ्याईनेछ । VLAN प्रविधि मार्फत नगरका सबै वडा कार्यालयलाई तत्काल Networking गर्ने व्यवस्था मिलाइनेछ । साथै नगरक्षेत्र भित्रका विद्यालय, स्वास्थ्य सेवा केन्द्र, कृषि, पुश एकाई तथा अन्य सेवा प्रदायक संस्थालाई Networking गर्न पुर्वाधार विकास गरिनेछ ।

१९) नागरिकको सूचनाको हकलाई प्रत्याभूत गर्न Mobile Application मार्फत सबै सूचनामा नागरिकको पहुँचलाई सुनिश्चित गरिनेछ । साथै नागरिकका गुनासो तथा पृष्ठपोषण संकलनका लागि Mobile Application लाई अन्तरक्रिया (Interactive)बनाइनेछ ।

२०) जेष्ठ नागरिकलाई समाजमा सम्मानजनक रूपले व्यवहार गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । जेष्ठ नागरिकमा रहेको ज्ञान, सिप र क्षमतालाई प्रयोग गर्ने व्यवस्था मिलाइनेछ । जेष्ठ नागरिकको स्वास्थ्य हेरचाहका लागि "जेष्ठ नागरिक स्वास्थ्य प्रर्वद्धन कार्यक्रम" संचालन गरिनेछ । निश्चित उमेर समुहका जेष्ठ नागरिकलाई राज्यबाट उपलब्ध गराईएको सामाजिक सुरक्षा भत्तालाई Mobile Banking मार्फत घरटोलमा पुऱ्याउने व्यवस्था मिलाईनेछ । साथै जेष्ठ नागरिक र कलिलो उमेरका विद्यार्थी बिच अन्तरक्रिया गर्नका लागि शिक्षा शाखा मार्फत "हाम्रो समय उहिलेका कुरा" कार्यक्रम विद्यालय तहमा संचालन गरिनेछ । साथै जेष्ठ नागरिकलाई सम्मानपुर्वक पालन पोषण गर्ने परिवारलाई सम्मान कार्यक्रम संचालन गरिनेछ ।

२१) स्वास्थ्य नैं धन हो र स्वस्थ नागरिक राज्यको सम्पत्ती हो भन्ने भावना अनुसार समग्र नगरपालिका भित्र स्वास्थ्य सम्बन्धी जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ । स्थानीय तहबाट निःशुल्क वितरण गरिने औषधीलाई समयमै पुऱ्याउनेछ । साथै स्वास्थ्य संस्थाबाट प्रवाह गरिने सेवामा सबैको पहुँचको सुनिश्चितता गरिने छ । साथै स्वास्थ्य संस्थाको क्षमता विकास, जनशक्तिको विकास तथा पुर्वाधार र स्वास्थ्य उपकरण तथा सामाग्रीको आपुर्तिलाई व्यवस्थित गरिनेछ । नगरको अस्पतालको रूपमा रहेको रत्ननगर बकुलर अस्पतालको सेवाको अभिवृद्धि गरिनेछ र पुर्वाधार तथा सेवा विस्तारमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

२२) गर्भवती, सुत्केरी तथा नवजात शिशुको स्वास्थ्यमा विशेष ध्यान दिईने छ । यसका लागि आ.व. २०७५/०७६ भित्रै "पूर्ण सुरक्षित मातृत्व प्राप्त नगरपालिका" घोषणा गरिनेछ र यसका लागि

आवश्यक श्रोतको व्यवस्थापन गरिनेछ । साथै आ.व. २०७५/०७६ मा नै कुपोषण मुक्त नगरपालिका घोषणा गरिनेछ ।

२३) यसै आ.व. मा "सफा, स्वच्छ, वातावरणमैत्री नगरपालिका", "विपद व्यवस्थापन महामारी नियन्त्रण तर्फ उन्मुख नगरपालिका" जस्ता कार्यक्रम संचालन गरिनेछ ।

२४) पशु विकास मार्फत कृषिमा आयआर्जन कार्यक्रमलाई प्रर्वद्धन गरिनेछ । पशुपालनलाई उत्पादनमा आधारित "नगर सहयोग कार्यक्रम" संचालन गरिनेछ । साथै अनुत्पादक पशुको व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ । यसका लागि नगरको पायक पर्ने र उपयुक्त स्थानमा कान्जिहाउस, गौसाला निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

२५) पशुपालक किसानलाई प्रोत्साहन तथा वैकल्पिक उर्जा प्रर्वद्धनका लागि "गोवर ग्यास अनुदान कार्यक्रम" संचालन गरिनेछ ।

२६) फरक क्षमता भएका वर्ग र समुदायलाई शीप तथा क्षमता विकास मार्फत मुलप्रवाहीकरण गर्ने व्यवस्था मिलाइनेछ । यसका लागी "वित्तिय, आर्थिक सहयोग तथा लघु ग्रहण कार्यक्रम" संचालन गरिनेछ ।

२७) शिक्षालाई जीवनउपयोगी र व्यवाहारिक बनाउने छ । स्थानिय, राष्ट्रिय तथा अन्तरार्राष्ट्रिय बजारलाई मध्य नगर गरी प्राविधिक जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनेछ । यसका लागी पहिलो चरण अन्तर्गत ……… मा.वि.मा क्रमशः ……… शिक्षाको पढाई सुरूवात गरिनेछ । साथै गत आ.व.मा संचालित खाजा कार्यक्रम, आधारभुत तह कक्षा कोठा व्यवस्थापनलाई निरन्तरता दिइनेछ । लक्षित वर्गका लागी logistic सामाग्री वितरण गरिनुका साथै All in one Device माध्यमद्वारा कक्षा संचालनको व्यवस्था मिलाइनेछ ।

२८) स्थानीय शासन बालमैत्री नगरका पूर्वाधार विकास गरिनेछ । बालश्रममुक्त नगर तथा बालमैत्री नगरपालिका घोषणामा गर्न आवश्यक मापदण्ड पुरा गर्न लगानीलाई केन्द्रीत गरिनेछ । साथै बालश्रम विरूद्ध शुन्य सहनशिलताको निति अवलम्बन गरिनेछ ।

२९) नगरपालिका भित्र संचालित तालिममा एकरूपता ल्याउन Training manual बनाई कार्यान्वयन गरिनेछ । लक्षित कार्यक्रमलाई समुदायमा प्रदान गरिने तालिमलाई नतिजामा आवद्ध गर्न skill test विधिको अवलम्बन गरिनेछ । साथै जोखिममा रहेका बालबालिकाको उद्धार तथा पुर्नस्थापनाका लागी वालवालिका उद्धार कोष मार्फत व्यवस्था मिलाइनेछ ।

३०) घर नक्सा पास प्रणालीमा सुधार गरिनेछ । जसमा नक्सा पास प्रणालीलाई प्रविधीमैत्री बनाईनेछ । Online नक्सा पास प्रणाली अवलम्बन गरी सेवा प्रवाहलाई नागरिकको घरदैलोमा पुर्‍याइनेछ ।

३१) नगरपालिकाको सुन्दरता र वातावरणिय स्वच्छताका लागी फोहर मैला व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ । फोहरलाई श्रोतमा वर्गीकरण गर्ने उर्जामा रूपान्तरण गर्ने जस्ता नविनतम प्रविधिलाई आत्मसात गरिनेछ । यसका लागी सरकारी, गैरसरकारी तथा सहकारी क्षेत्रसँग विशेष साझेदारीको नीति अवलम्वन गरिनेछ ।

३२)	सार्वजनिक सम्पत्तिको सरक्षणलाई प्राथमिकतामा राखिनेछ । यस अन्तर्गत सार्वजनिक जग्गा संरक्षणका अभियान मार्फत सार्वजनिक जग्गा संरक्षणका अभियान मार्फत सार्वजनिक जग्गा प्रति बढ्दै गएको अतिक्रमणको अन्त गरिनेछ र सार्वजनिक जग्गालाई सार्वजनिक हितमा प्रयोग गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

३३)	सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संगठनात्मक संरचनामा सुधार गरिने छ । जनशक्ति परिचालन तथा विकास प्रविधिको प्रयोग तथा जनप्रतिनिधीको क्रियाशिलता मार्फत सुशासनको प्रत्याभूती गरिने छ । यसका लागि सुशासनका लागी जनप्रतिनिधीको क्रियाशिलतालाई अभियानका रूपमा संचालन गरिनेछ ।

३४)	सार्वजनिक सेवा प्रवाहमा र सुशासन स्थापनामा समस्याको रूपमा रहेको भ्रष्टचार विरूध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ । जनप्रतिनिधी राष्ट्र सेवक कर्मचारी उपभोक्ता समिति लगायत सबै निकायलाई नागरिक प्रति उत्तरदायी बनाउने व्यवस्था मिलाइनेछ ।

३५)	न्यायिक प्रणालीलाई व्यवस्थित बनाउनका लागी न्यायिक समितिको क्षमता विकास गरिनेछ । वडा तहमा मेलमिलाप समिति गठन तथा व्यवस्था गरी न्यायमा नागरिकको पहुँचलाई सुनिश्चितता प्रदान गरिनेछ ।

३६)	सम्भावित विपद व्यवस्थापनका लागि “रत्ननगर विपद व्यवस्थापन कोष“ को व्यवस्थापन गरिने छ । उक्त कोषबाट विपद व्यवस्थापन गर्ने व्यवस्था मिलाईनेछ ।

३७)	प्राकृतिक प्रकोषमा परि पिडित बनेका नागरिकलाई तत्काल राहत उपलब्ध गराउन “नगर प्रमुख राहत कोष“ को व्यवस्था मिलाइनेछ । यस अन्तर्गत पिडित नागरिकलाई तत्कालिन राहतनका रूपमा वडा कार्यालयको सिफारिसमा नगद राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

३८)	बढ्दो सहरीकरणलाई व्यवस्थित गर्ने शहरीकरण र पुर्वाधार विकासलाई आवद्ध गरिनेछ र यसका लागि “हाम्रो शहर व्यवस्थित सहर“ कार्यक्रम लागु गरिनेछ । यस अन्तर्गतः

- खयर खोला कोरिडर र खगेरी खोला कोरिडर निर्माणका लागी सम्भाव्यता अध्ययन गरिनेछ ।
- ढल तथा नाली व्यवस्थापन म्एच तयार गरिनेछ
- सडक निर्माणको गुणस्तर तथा मापदण्ड निर्धारण तथा कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।
- सबै घर परिवारमा शुद्ध खानेपानी वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- फोहरमैला विसर्जनका लागी आधुनिक ल्याण्डफिल्ड साइटको निर्माण गरिनेछ ।
- सार्वजनिक यातायातको सेवामा सुधार गरिनेछ ।
- आधुनिक पार्किङ्ग स्थलको निर्माण गरि अनियन्त्रित रूपमा बढ्दै गएको पार्किङ्गलाई व्यवस्थित गरिनेछ ।

- साना र ठुला सवारी मर्मत गर्नका लागी स्थान ताकिनेछ र निर्धारित स्थानमा मात्र मर्मत गर्ने व्यवस्था मिलाउन आवश्यक अध्ययन गरिनेछ ।

- मासु विक्री पसलका लागी गुणस्तर निर्धारण विक्री वितरणको क्षेत्र तोकिनेछ । साथै चौपाया वध गर्नका लागि आधुनिक वधशाखा निर्माण गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

- बजारका मुख्य केन्द्रमा सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।

- बजार अनुगमन प्रणालीलाई व्यवस्थित गरिनेछ । उपभोक्ता हित संरक्षणका लागी जनप्रतिनिधी उपभोक्ता हितमा क्रियाशिल संघरसंस्था, निजिक्षेत्र लगायतलाई परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

३९) नागरिक तथा जनप्रतिनिधी बिच सहरको विकास र सेवा प्रवाह विषयमा अन्तर्क्रिया र छलफल गर्ने तथा नागरिक गुनासो संवोधन गर्न "जनप्रतिनिधी सँग जनसरोकारका विषय" कार्यक्रम संचालन गरिनेछ । यसका लागी स्थानिय पत्रपत्रिका, एफ.एम. रेडियो तथा स्थानिय टेलिभिजन कार्यक्रम संचालन गरिनेछ ।

४०) जमिनको अस्वभाविक खण्डीकरण तथा वस्ती विकासलाई नियन्त्रण गरिने छ । यसका लागि प्रचलित कानून तथा नगरपालिकाबाट लागू गरिएको जग्गा विकास कार्यविधि २०७४ लाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

४१) जग्गा जमिन प्रयोगलाई वैज्ञानिक बनाइने छ । नगरपालिका क्षेत्र भित्रका जग्गा उपयोग गर्न तथा उत्पादनशिलता अभिवृद्धिका लागी भू–उपयोग नीति बनाई लागु गर्ने व्यवस्था मिलाईने छ ।

४२) भूमिहिन सुकुम्वासीको लगत अध्यावधी गरिने छ । सुकुम्वासीको नाममा जथाभावी सार्वजनिक जग्गा कब्जा गर्ने संरचना निर्माण गर्ने कार्यलाई कानूनको दायरामा ल्याइने छ । साथै वास्तविक सुकुम्वासीको पहिचान गरी उनीहरुको जीवनस्तर सुधारका लागी विशेष कार्यक्रम संचालन गरिने छ ।

४३) संचार क्षेत्र साझेदारी कार्यक्रम अन्तर्गत सेवा प्रवाह नागरिक अपेक्षा र जनगुनासो संवोधन जस्ता पक्षलाई ध्यान दिईने छ । सुशासन कार्यम गर्न खुला समाजको स्थापना तथा पारदर्शिता र उत्तरदायी संयन्त्रको प्रर्वद्धनका लागी संचार क्षेत्रसँग वृहत साझेदारी अवलम्बन गरिनेछ ।

४४) महिला वर्गमाथि हुने विभेद अन्तका लागी सचेतनात्मक कार्यक्रम संचालन गरिने छ । कार्यस्थलको हिंसा घरेलु हिंसा लैङ्गिक तथा यौन हिंसा विरूद्ध अभियान संचालन गरिने छ । महिला हिंसा विरूद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ र न्यायिक क्रियाकलापलाई द्रुत सुनुवाईको व्यवस्था मिलाइने छ । महिला शसक्तिकरणका लागि वहस पैरवी गरिने छ । विपन्न वर्ग लक्षित वस्तुगत टेवा, सिप विकास कार्यक्रम कार्यान्वयन गरिनेछ ।

४५) खेलकुद क्षेत्रको विकास युवा वर्गलाई परिचालन गरिनेछ । स्वास्थ्यका लागी खेलकुद र मर्यादित र अनुशासित समाजका लागी खेलकुद जस्ता कार्यक्रम मार्फत समुदायको स्वास्थ्य र सामाजिक विकृति विसंगती जस्ता समाजका समस्यालाई समाधान गरिनेछ ।

४६) मानव र वन्यजन्तु विचको सम्बन्धमा समायानुकुल सुधारका लागी आवश्यक पुर्वाधार निर्माण गरिने छ । वन्यजन्तु र मानिसको अनाधिकृत ओहरदोहरलाई नियन्त्रण गर्न सिमानामा पक्की पर्खाल तथा तारजाली लगाउन शुरू गरिनुका साथै अशक्त वन्यजन्तुलाई उपचारका लागी उपचार केन्द्र निर्माण गरिने छ र वन्यजन्तुको आक्रमणबाट निकुँज आसपासका नागरिकको उद्धारका लागी बिमाको व्यवस्था मिलाईने छ ।

४७) पर्यावरण विकास र पर्यटन प्रर्वद्धनका लागी पुरानो पदमपुर क्षेत्रमा १५० विगाहा जग्गामा कृतिम ताल र जलासय निर्माण गरिनेछ ।

४८) समाजको विकराल समस्याको रूपमा रहेको लागू औषध दुर्व्यसनी विरूद्ध अभियान संचालन गरिनेछ । त्यसका लागी परामर्श पुर्नस्थापना तथा अभिभावक सचेतना कार्यक्रम संचालनको व्यवस्था मिलाउनेछ ।

४९) नगरपालिका भित्र आधुनिक E-library स्थापनाका लागी निजि क्षेत्रसँग साझेदारी गरिनेछ ।

५०) यस न.पा.को सांस्कृतिक पक्षको प्रवर्द्धन तथा पर्यटनलाई आवद्ध गर्न न.पा. सांस्कृतिक ग्राम (Cultural Village) निर्माण गरिने छ ।

५१) नेपालकै तेश्रो पर्यटक गन्तव्य सौराहा क्षेत्रलाई व्यवस्थित गन्तव्यको रुपमा विकास गर्न घर नक्सा पास मापदण्ड तथा सडक मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१) लोकतान्त्रिक प्राप्तिका लागि शाहादात प्राप्त गर्नुहुने महान् शहिद प्रति श्रद्धा अर्पण गर्दछु । राजनीतिक व्यक्ति हुनुका नाताले महान शहिदहरुले देखिएको बाटोमा अविचलित र निष्ठापूर्व रुपमा क्रियाशील हुने प्रतिवद्धता व्यक्त गर्दछु ।

२) यस सम्मानित शभामा हामीले

क) नगरपालिकाबाटै नागरिकहरुलाई न्यायमा सर्वसुलभ र सहज पहुँचको सुनिश्चितताका लागि आवश्यक प्रबन्ध मिलाउने व्यवस्था गर्नेछौं ।

ख) रत्ननगरको समृद्धि र विकासका लागि राजश्व परिचालन अन्तर्गत करका दर र दायरालाई समयानुकुल बनाई राजश्व परिचालन गर्ने व्यवस्था मिलाइने छ ।

ग) एकद्धार प्रणाली अन्तर्गत नगरबाट नै महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग तथा सबै लक्षित वर्ग र समुदायलाई लक्षित गरी नतिजामा आधारित कार्यक्रमलाई निरन्तरता दिइने व्यवस्था गरिएको छ ।

घ) नगरपालिकाका प्राथमिकताका क्षेत्रहरुमा लगानीलाई केन्द्रित गरी समृद्ध नगरका आधारहरु तय गर्ने जस अन्तर्गत कृषि, पर्यटन, वातावरण जस्ता क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

ङ) नागरिक प्रति जनप्रतिनिधिलाई उत्तरदायी बन्न आवश्यक संयन्त्रको निर्माण गर्ने व्यवस्था गरिएको छ ।

## ०७४/०७५ मा सम्पन्न योजनाहरु

| | | |
|---|---|---|
| १) | नयाँ कालोपत्रे सडक निर्माण | – १५ कि.मी. |
| २) | कालोपत्रे सडक मर्मत निर्माण | – १२ कि.मी. |
| ३) | वार्ड कार्यालय भवन (२, ३, ४, ७, ११, १४) | – ६ वटा |
| ४) | नाला निर्माण | – ७ कि.मी. |
| ५) | ड्याक तथा तटबन्धन | – १ कि.मी. |
| ६) | पार्क, उद्यान निर्माण<br>(३, ४, ९, ११, १२, १३, १४, १५, १६) | – ९ वटा |
| ७) | RCC कलभर्ट पुल | – ६ वटा |
| ८) | कच्ची बाटो निर्माण | – ५ कि.मी. |